**निर्णय नं. १**

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ३ बस्ने श्री ध्रुव सिं थापाले निजको नाममा दर्ता श्रेष्ता कायम रहेको साविक बतासे गाविस वडा नं. ७ हाल चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ३ को भुस्लुङमा रहेको कि.नं. १२८९, क्षेत्रफल १८७५ वर्ग मि. रहेको जग्गा वडा नं. ३ मा बतासे स्वास्थ्य चौकीको भवन निर्माण गर्नका लागि जग्गा नामसारी गरी जग्गा उपलब्ध गराउने सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम श्री रूद्र बहादुर थापाको नाति, श्री सोम बहादुर थापाको छोरा श्री ध्रुव सिं थापाको नाममा दर्ता श्रेष्ता कायम भएको साविक बतासे गाविस वडा नं. ७ हाल चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ३ स्थित भुस्लुङमा रहेको कि.नं. १२८९, क्षेत्रफल १८७५ वर्ग मि. को जग्गा बतासे स्वास्थ्य चौकीको भवन निर्माणका लागि वडा कार्यालयबाट प्रकाशित सूचना बमोजिम निज जग्गाधनीले मञ्जुरीनामा दिएको, वडा स्तरीय छनौट समितिले सिफारिस गरेको, नगरपालिकाबाट खटाइएको अमिनबाट उक्त जग्गा उपयुक्त छ भनी प्रतिवेदन पेश भएको र वडा कार्यालयबाट सिफारिस समेत भएकोले उक्त जग्गा योग्य भएको हुँदा सोही अनुसार निज ध्रुव सिं थापाको नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गा बतासे स्वास्थ्य चौकीको नाममा दर्ता कायम गर्नका लागि उपयुक्त देखिएकोले वडा नं. ३ को भुस्लुङ स्थित ध्रुव सिं थापाको नाममा दर्ता श्रेष्ता कायम रहेको कि.नं. १२८९, क्षेत्रफल १८७५ वर्ग मि. को जग्गा बतासे स्वास्थ्य चौकीको नाममा जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।